# निर्वाचन आयोग, नेपाल

## मतदाता नामावली अद्यावधि (दाबी विरोध समेत) कार्यक्रम, २०७९

## प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, चितवन

प.सं. ०७९/८०
च.नं. ६९

फोन/फ्याक्स : ०५६-५२५७९१
ईमेल --: deo.chitwan@election.gov.np

मिति २०७९।०५।१०

श्री स्थानीय तह सबै चितवन ।

**विषयः- सूचना सम्प्रेषण गरिदिनुहुन ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगको प. स.। च. न. २.१।१५ मिति २०७९।०४।२२ गतेको पत्रानुसार सम्वत २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि मतदाता नामावली अद्यावधिक दावी विरोध सम्बन्धी कार्यक्रम २०७९ सम्बन्धी कार्य सम्पन्न गर्न चितवन जिल्ला स्थित ७ वटै स्थानीय तहहरुको वडा कार्यालयहरुमा यही २०७९।०५।१२ गते मतदाता नामावली प्रकाशन गरिनेछ । उक्त नामावलीको सम्बन्धमा मृत्यु भएका मतदाताहरुको नाम हटाउन तपसिल बमोजिमको ढांचामा विवरण पठाउन सम्पुर्ण वडा कार्यालयहरुमा पत्राचार गरिदिनुहुन अनुरोध छ ।

**तपसिलः**

| क्र.स. | मतदाता नं | मतदाताको नाम थर | जन्म मिति | ना.नं./जारी जिल्ला | बाबु/आमाको नाम | पति/पत्निको नाम | मतदान स्थल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी

श्री निर्वाचन आयोग नेपाल
जिल्ला निर्वाचन कार्यालय
चितवन, भरतपुर
२०५६

अनुसूची-२

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, चितवन

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धि सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्वन्धित सबैको जनाकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्वन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि ब्यक्ती |
| ४ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्र भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली सम्वन्धी नियमावली २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानबीन गरी नाम हटाउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने । | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभएतापनि कुनै मतदाता बँसाईसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउन प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७९/०५/१६ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७९/०५/१७ | २०७९/०५/१८ | मतदाता नामावली सम्वन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क्र.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने । | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली सम्वन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क्र.सं. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सुचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने । | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली ऐन २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा प[illegible] | २०७९/०५/१९ | २०७९/०५/१९ | मतदाता नामावली ऐन २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

भिमसेन कार्की
२०७९।५।१२

जिल्ला निर्वाचन अधिकारी

# खैरहनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

प.स.:०७९/८०
च.नं.: १६६३

मितिः २०७९/०५/१०

विषयः मतदाता नामावली सूचना प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (१-१३) सबै
खैरहनी नगरपालिका
खैरहनी, चितवन ।

उपरोक्त विषयमा जिल्ला निर्वाचन कार्यालय भरतपुर, चितवनको प.स. ०७९/०८० च.नं. ४१ मिति २०७९/०५/१० को पत्रानुसार मतदाता नामावली अध्यावधिक दावी विरोध सम्बन्धि कार्यक्रम २०७९ सम्बन्धि कार्य सम्पादन गर्न त्यहाँ वडा कार्यालयहरु अन्तर्गत रहेका मतदाता नामावलीहरु प्राप्त भएकोले उक्त नामावलीको सम्बन्धमा त्रुटि सच्चाउन, उजुरी दिन, दोहोरो नाम हटाउन एउटै वडा भित्र मतदान स्थल सार्न तथा मृत्यु भएका तथा नागरिकता त्याग गरेका मतदाताहरुको नाम हटाउनको लागि मिति २०७९/०५/१२ गते देखि २०७९/०५/१५ गते सम्म जिल्ला निर्वाचन कार्यालय चितवनमा निवेदन दिनु हुन जानकारीको लागि अनुरोध छ । साथै मतदाता नामावली यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**पुरुषोत्तम शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**